annapurnapost.com
अन्नपूर्ण पोस्ट
वर्ष २५, अंक ७६, पृष्ठ ८ | काठमाडौं, बुधबार ३१ असार २०८३ | आषाढ शुक्लपक्ष प्रतिपदा नेपाल संवत् ११४६ | WEDNESDAY, JULY 15, 2026 | मूल्य : रु. १०

आवरण समाचार

### कन्सल्टेन्सी नियमावलीको भार

# चाबी बुझाउन व्यवसायी तयार

सरकारले शैक्षिक परामर्श क्षेत्रलाई नियमन गर्न पहिलोपटक 'शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा (सञ्चालन र व्यवस्थापन) नियमावली, २०८३' जारी गरेसँगै शैक्षिक परामर्श व्यवसायीहरू आन्दोलित भएका छन् । २५ लाख रुपैयाँ धरौटी र विद्यार्थी अलपत्र परे परामर्शदाताले नै क्षतिपूर्ति तिर्नुपर्ने जस्ता कडा प्रावधानहरू व्यावहारिक नभएको भन्दै नेपाल शैक्षिक परामर्श संघलगायतका संस्थाहरूले विरोध जनाएका छन् । व्यवसायीहरूले आफ्ना ९ बुँदे माग सम्बोधन नभए देशभरका कन्सल्टेन्सीहरू बन्द गरी सरकारलाई साँचो बुझाएर सडक आन्दोलनमा उत्रिने चेतावनी दिएका छन् ।

**संजीप घिमिरे** | *भक्तपुर*




विस्तृत पृष्ठ २

# सरकारी विज्ञापन निजी मिडियालाई पनि खुला

### सर्वोच्चद्वारा सरकारी विज्ञापन निजी मिडियालाई नदिने निर्णय खारेज



**दिनेश गौतम** | *काठमाडौं*

सर्वोच्च अदालतले निजी र सामुदायिक सञ्चारमाध्यमलाई आर्थिक नाकाबन्दी लगाउने गरी सरकारी विज्ञापन र सार्वजनिक सूचना नदिने सरकारको निर्णय मंगलबार खारेज गरेको छ।

न्यायाधीशद्वय शारंगा सुवेदी र नृपध्वज निरौलाको संयुक्त इजलासले तीनै तहका सरकारका विज्ञापन तथा सार्वजनिक सूचना सरकारी स्वामित्वका सञ्चारमाध्यममार्फत मात्र प्रकाशन-प्रसारण गर्ने सरकारको निर्णयलाई बदर गरेको हो।

२०८२ चैत १८ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापन नदिने भनी गरेको निर्णयलाई सर्वोच्चले उत्प्रेषणको आदेशमार्फत खारेज गरेको हो। सचिवस्तरीय निर्णय गर्दै संघीय, प्रदेश, स्थानीय तह तथा सार्वजनिक कोषबाट सञ्चालित सबै निकायले आफ्ना सरकारी सूचना र विज्ञापन गोरखापत्र संस्थान, रेडियो नेपाल, नेपाल टेलिभिजन तथा अन्य सरकारी स्वामित्वका सञ्चारमाध्यममार्फत मात्र प्रकाशन तथा प्रसारण गर्नुपर्ने व्यवस्था गर्दै सबै सरकारी निकायमा परिपत्र गरिएको थियो।

सर्वोच्च अदालतको फैसलासँगै सरकारको निर्णय कार्यान्वयन नहुने भएको छ। सर्वोच्चको निर्णयको पूर्णपाठ तयार भइसकेको र दुई दिनभित्र सार्वजनिक गरिने बताइएको छ। यसअघि असार २२ र २३ गते दुवै पक्षको बहस सम्पन्न भएपछि अदालतले फैसला सुनाएको हो।

सरकारको उक्त निर्णयविरुद्ध नेपाल मिडिया सोसाइटीका तर्फबाट अधिवक्ता अनन्तराज लुइँटेलले २०८२ चैत २३ गते सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका थिए। रिट निवेदनमा मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रशासन शाखा, सूचना प्रविधि तथा सञ्चार मन्त्रालयलाई विपक्षी बनाइएको थियो।

अधिवक्ता लुइँटेलले अदालतको निर्णयलाई प्रेस स्वतन्त्रता र निजी सञ्चारमाध्यमका पक्षमा आएको महत्त्वपूर्ण फैसला भएको बताए। 'ढिलै भए पनि सर्वोच्च अदालतले सरकारको गलत निर्णय सच्याएको छ,' अधिवक्ता लुइँटेलले भने, 'भविष्यमा यस्ता असंवैधानिक निर्णय गर्नुअघि सरकारले गम्भीरतापूर्वक सोच्नुपर्ने सन्देश दिएको छ।'

रिटमाथिको सुनुवाइका क्रममा नेपाल मिडिया सोसाइटीका तर्फबाट वरिष्ठ अधिवक्ताहरू सतीशकृष्ण खरेल, रमेश बडाल, ललितबहादुर बस्नेत, दिनेश त्रिपाठी तथा अधिवक्ताहरू अनन्तराज लुइँटेल, विकास भट्टराई, कीर्तिनाथ शर्मा पौडेल, विशाल थापा, दुर्वाशा लुइँटेल, रामप्रसाद पुडासैनी, डा. बालकृष्ण चापागाईं र डा. प्रेमराज सिलवाललगायतले बहस गरेका थिए। सरकारका तर्फबाट महान्यायाधिवक्ता डा. नारायणदत्त कँडेल र नायव महान्यायाधिवक्ता उद्धवप्रसाद पुडासैनीले बहस गरेका थिए।

### मिडियामा 'पार्किङ आतंक'विरुद्ध उभियो संसद्

विस्तृत पृष्ठ ३

रिट निवेदकतर्फका कानुन व्यवसायीहरूले सरकारी विज्ञापनबाट निजी सञ्चारमाध्यमलाई वञ्चित गर्नु संविधानले प्रत्याभूत गरेको प्रेस स्वतन्त्रता र समान व्यवहारको सिद्धान्तविपरीत रहेको जिकिर गरेका थिए। विज्ञापन ऐन तथा नियमावलीले सरकारी विज्ञापन समानुपातिक रूपमा वितरण गर्ने व्यवस्था गरेको, सरकारले विभेद गर्न नपाउने तथा विज्ञापन बोर्ड, प्रदेश सरकार र स्थानीय तहको अधिकारमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले हस्तक्षेप गर्न नमिल्ने तर्क राखेका थिए।

सरकारका तर्फबाट भने सरकारी विज्ञापनमा हुने अनियमितता, चुहावट र भ्रष्टाचार नियन्त्रण गर्ने उद्देश्यले उक्त निर्णय गरिएको तथा निजी सञ्चारमाध्यमलाई व्यवस्थित गर्ने नयाँ नीति ल्याउने तयारी रहेको दाबी गरिएको थियो।

बाँकी पृष्ठ ६

### नक्कली शरणार्थी प्रकरण

## पूर्वउपप्रधानमन्त्री रायमाझीलाई ४ वर्ष, पूर्वगृहमन्त्री खाँणलाई २ वर्ष कैद





**अन्नपूर्ण** | *काठमाडौं*

जिल्ला अदालत काठमाडौंले बहुचर्चित नक्कली शरणार्थी प्रकरणमा पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझीलाई ४ वर्ष र पूर्वगृहमन्त्री बालकृष्ण खाँणलाई २ वर्ष कैद सजाय तोकेको छ।

न्यायाधीश तेजबहादुर खड्काको इजलासले रायमाझीलाई ४ वर्ष कैद र ४० हजार रुपैयाँ जरिवाना निर्धारण गरेको हो। त्यस्तै खाँणलाई २ वर्ष कैद र २० हजार रुपैयाँ जरिवाना निर्धारण गरिएको छ। उनीहरूविरुद्ध सरकारी लिखत किर्ते कसुर, ठगी, संगठित अपराध र राज्यविरुद्धको अपराध गरेको अभियोग लगाइएको थियो।

रायमाझी र खाँणलाई फरक-फरक मुद्दामा फरक-फरक सजाय तोकिएको छ। रायमाझीलाई ठगीमा २ वर्ष कैद र २० हजार जरिवाना तोकिएको छ। संगठित अपराधमा ३ वर्ष कैद, ३० हजार जरिवाना र राज्यविरुद्धको कसुरमा १ वर्ष ६ महिना कैद र १५ हजार जरिवाना निर्धारण गरिएको छ। त्यस्तै ६ महिना थप कैदको सजाय सुनाइएको छ। एकीकृततर्फ ४ वर्ष कैद र ४० हजार जरिवाना तोकिएको छ। पूर्वगृहमन्त्री खाँणलाई ठगीमा १ वर्ष कैद र १० हजार जरिवाना, संगठित अपराधमा १ वर्ष ६ महिना कैद र १५ हजार जरिवाना निर्धारण गरिएको छ। त्यस्तै राज्यविरुद्धको कसुरमा ६ महिना कैद र ५ हजार जरिवाना तोकिएको छ। थप तीन महिना कैद तोकिएको छ। एकीकृततर्फ २ वर्ष कैद र २० हजार जरिवाना निर्धारण गरिएको छ।

असार २४ गते जिल्ला अदालतले फैसला सुनाएको थियो, जसमा १६ जनालाई दोषी ठहर गरिएको थियो भने ७ जनाले सफाइ पाएका थिए। दोषी ठहर भएकाहरूको मंगलबार सजाय निर्धारण गरिएको हो। अदालतले कसुरअनुसार कैद र जरिवाना भनी अलग-अलग निर्धारण गरेको छ। तर, जुन कसुरमा सबभन्दा बढी कैद सजाय तोकिएको छ, त्यो भुक्तान गर्नुपर्छ। जरिवाना भने हरेक कसुरपिच्छे तिर्नुपर्ने हुन्छ।

बाँकी पृष्ठ ६

